# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।०८३
च.नं. : १५१२

मिति : २०८२।१०।०७

श्री कक्षा ८ संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै,
मनराशिसवा नगरपालिका, मनरा, महोत्तरी ।

विषय : **कक्षा ८ को परीक्षा आवेदन फारम भर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक सत्र २०८२ मा अध्ययनरत आधारभुत तह कक्षा ८ को विद्यार्थीहरूको विवरण पछिसम्म फरक नपर्ने गरी (IEMIS र जन्मदर्ता प्रमाण पत्रको आधारमा) तपसिल अनुसारका कागजातहरू सहित परीक्षा आवेदन फाराम भरी मिति २०८२।१०।२१ गते भित्र यस नगरपालिकाको शिक्षा शाखामा अनिवार्य पेश गर्नु हुन अनुरोध छ ।

तपसिल :

१. विद्यार्थीको जन्मदर्ता प्रमाण पत्रको आधारमा विद्यालयको एकिकृत शैक्षिक सूचना प्रणाली (IEMIS) मा अध्यावधिक भएका विद्यार्थी विवरण (नाम थर, जन्ममिति, बुवा/आमाको नाम थर ) सच्याई सके पछि विद्यालयको एकान्टवाट नै परीक्षा आवेदन फारम प्रिन्ट गरेर हाल सालै खिचेको पासपोर्ट साइजको फोटो टांस गरी जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी तोकिएको म्याद भित्र अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।
२. कक्षा ७ को लाब्धांक पत्रको प्रमाणित प्रतिलिपि ।
३. विद्यालयले तयार गरी प्र.अ.बाट प्रमाणित भएका विद्यार्थीहरूको समष्टिगत विवरण ।
४. विद्यालयको एकान्ट लगिन गरी Manage Exam अन्तर्गत रहेको Control sheet export गरेर परीक्षा आवेदन फारामको संख्या र Control sheet को संख्यामा फरक नपर्ने गरी समष्टिगत विवरण बुझाउनु पर्नेछ ।

.....................
विजय नारायण ठाकुर
नि.प्रमुख प्रशाकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नोट : विद्यालयहरुले आवेदन फाराम बुझाईसके पछि मात्र यस कार्यालयबाट सिम्बोल नं. कायम गरिनेछ र सिम्बोल नं. कायम भई सकेपछि विद्यालयहरुले सिम्बोल नं. कायम भएका विद्यार्थीहरुको प्रवेश पत्र २/२ प्रति प्रिन्ट गरी फोटोटांसी यस कार्यालयबाट प्रमाणित गराई विद्यालयमा वितरण गर्नु पर्नेछ ।

**वोधार्थ :**

श्री सूचना प्रविधि शाखा : यस न.पा.को Website तथा Facebook मा Upload गरी दिनु हुन ।